# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फाल्गुण १ गते २०२६ साल

### महालेखा परीक्षकको बिभागको
### सूचना

महालेखा परीक्षकको बिभागमा रिक्त रहेको राजपत्रांकित द्वितीय श्रेणीको लेखापरीक्षण निर्देशक पदमा महालेखा परीक्षकको विभागको पदाधिकारीहरू सम्बन्धी नियमावली २०१८ को नियम ८.२ को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी तल सहीछाप गर्ने अधिकारीले यसै विभागका लेखापरीक्षण अधिकारी श्री गणेशप्रसाद घरेललाई मिति २०२६।१०।२ देखि कायम मुकायम मुकरर गरेको छ ।

सरदार भीमबहादुर पाण्डे
महालेखा परीक्षक



६४६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## भूल सुधार

खण्ड २२ अतिरिक्तांक ३६ (क) मिति २०२९।७।७ को नेपाल राजपत्र भाग ३ मा यस समितिको नाउँमा प्रकाशित "राष्ट्रिय शिक्षा समिति नियमहरू, २०२९" को पहिलो प्रकरणको दोश्रो पंक्तिमा रहेको "राष्ट्रिय शिक्षा समितिले" भन्ने शब्दहरू पछि "बनाएको देहायको नियमहरूलाई श्री ५ महाराजाधिराजबाट स्वीकृति बक्सेको छ" भन्ने शब्दहरू रहनु पर्नेमा "देहायका नियमहरू बनाएको छ" भन्ने शब्दहरू रहन गएकोले सो शब्दहरू उक्त नियमहरूको शिरमा रहेको "श्री ५ को सरकार" भन्ने शब्द पनि हटाई भूलसुधार गरिएको छ।

राष्ट्रिय शिक्षा समिति

मुद्रण विभाग, सिंहदरबार

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

६४८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।